# संगीत रोयल्टी संकलन समाज नेपालको
# १४औं वार्षिक साधारण सभामा २०८० प्रस्तुत गरिएको
# **महासचिवको प्रतिवेदन**

प्रस्तुतकर्ता : वि.पाण्डे

महासचिव

MRCSN
EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

संस्था : संगीत रोयल्टी संकलन समाज नेपाल

ठेगाना : अनामनगर, काठमाण्डौं

मिति : २०८०/०६/२०

सम्मानित सभाका अध्यक्ष ज्यू,

पूर्ण सदस्य र एशोसिएट सदस्यज्यूहरु, यस समाजको १४औं वार्षिक साधारण सभामा महासचिवको हैसियतमा आ.व.०७९/०८० को प्रतिवेदन पेश गर्न चाहन्छु ।

## पृष्ठभूमि :

प्रतिलिपिअधिकार ऐन, २०५९ द्वारा सङ्गीतविधाका रचयिता तथा प्रकाशकहरूलाई प्रदत्त अधिकारको संरक्षण तथाकार्यान्वयन गर्न उल्लिखित ऐनको दफा (३९) को प्रावधानअन्तर्गत नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट मिति २०६४/०२/२५ मा स्वीकृति प्राप्त गरी सङ्गीत रोयल्टी संकलन समाज नेपाल गठन भएको हो । प्रतिलिपि अधिकार नियमावली, २०६१ को नियम १० बमोजिम काम, कर्तव्य र अधिकार प्राप्त समाजले समाजको विधान, २०६४ को अधिनमा रही सांगीतिक रचना धनीका अधिकारहरूको संरक्षण एव सांगीतिक रचनाहरूको प्रयोग र प्रवर्द्धनलाई प्रोत्साहनगर्दै त्यस्ता सिर्जनाको सार्वजनिक प्रयोग वापत् रोयल्टी संकलन गरी सम्बन्धित अधिकार धनी समक्ष वितरण गर्ने कार्य गर्दै आइरहेको छ प्रख्यात गीतकार रत्नशमशेर थापाको अध्यक्षतामा गठन भएको संगीत रोयल्टी संकलन समाज नेपालले मिति २०६४/०२/२५ मा कानूनी मान्यता प्राप्त गऱ्यो । तत पश्चात निर्वाचन मार्फत कवि गीतकार यादव खरेलले २०६४ फागुन २० देखी २०६७ जेठ ११ सम्म नेतृत्व गरे । वहाँको नेतृत्वमा रहदा MRCSN लाई CISAC संग आवद्धता गराए । MRCSN जस्तै रोयल्टी संकलन गर्ने संस्थाहरुको अर्न्तराष्ट्रिय छाता संगठन CISAC हो । यसरी नेपाल पनि अर्न्तराष्ट्रिय जगतमा प्रतिलिपि अधिकारको कार्यान्वयन गर्न र स्रष्टाको रोयल्टी अधिकारलाई सुनिश्चितता गर्न अगाडि बढेको विश्वमाझ सन्देश प्रवाह भयो । नेपालमा पहिलो पटक २०६६ सालपौष ९ गते म्युजिक नेपालप्रा.लि.ले रु.२,२५,३६६।- रोयल्टी MRCSN लाई बुझाए पछि रोयल्टी संकलनकार्य शुरु भएको देखिन्छ भने २०६६ फागुन ८ गते पहिलो पटक राष्ट्रकवि माधव प्रसाद घिमिरेलाई रु. ३,१००।- हस्तान्तरण गर्दै विधिवत रोयल्टी वितरण कार्य शुरु गरेको देखिन्छ । त्यस कार्यक्रममार्फत संगीतकार आलोकश्री, मदनदिपविम, गीतकारहरु रमण घिमिरे, एसपि कोइराला, कालीप्रसाद रिजाल तथा गायक शम्भु राई, राम कृष्ण ढकाल, शिव परियार लगायत धेरै संगीतकर्मीहरुले रोयल्टी बुझे । २०६७०३।२८ मापहिलो पटक रेडियो नेपाल र २०६७०३।३१ मा नेपाल टेलिभिजनसंग फरक फरक सम्झौता गर्दै रोयल्टी संकलन सम्बन्धी कार्यलाई शुरु गरियो । औद्योगिक विज्ञापनबाट प्राप्त रकमको १ प्रतिशत रकमलाई रोयल्टीको रुपमा उपलब्ध गराउने सहमति गरेको रेडियो नेपालले २०७४ सालपछि सहमति बमोजिम रोयल्टी उपलब्ध गराएन भने नेपाल टेलिभिजनले जम्मा रु. १,००,०००।- रोयल्टी नभनी सम्मान तथा प्रोत्साहन स्वरुप भनि उपलब्ध गरायो । त्यसपछि नेपाल टेलिभिजनले कुनै पनि रोयल्टी उपलब्ध गराएन उल्टै वर्षौ देखी स्रष्टाहरुलाई रोयल्टी दावी गर्दैनौ भन्ने कागज गराउदै गीत संगीत प्रयोग गरिरहेको अवस्था विद्यमान छ । प्रस्तुत विपय प्रतिलिपि अधिकार ऐन विपरित हुदाहुदै पनि स्रष्टाहरु निरिह प्राय देखिन्छन ।

प्रविधिले विश्ववजार एकदम अगाडि छ कानूनहरु बनेको छन र यसको उच्चतमप्रयोग छ अझ भनौ दण्ड जरिवानाको अनुभुति छ तर हाम्रो मा तेस्तो छैन झन्झटिलो न्याय प्रणाली, कमजोर प्राविधिक उपस्थिति न्युनक्षतिपुर्ति आदिइत्यादि कारणले सहज व्यवस्थापनमा समस्या छ । नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यबस्था विभागले सार्बजनिक

MRCSN EST. 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

यातायातहरुले नामसारी गर्दा, नवीकरण गर्दा बाटो इजाजत लिदा तथा प्रदुषण परिक्षण पास को सर्टिफिकेट लिदा संगीत रोयल्टी बुझाएको निस्सा अनिबार्य पेश गर्नुपर्ने छ भनि यातायात कार्यविधिमा उल्लेखित गराएको छ । तर पनि रोयल्टी संकलन हुदैन । सोहि कार्यविधि अनुसार यातायात कार्यालयहरुको काम कारवाही हुन्छ तर रोयल्टी उठ्दैन । आंशिक सवारी साधनले तिर्छन प्राय धेरैले तिर्दैनन । यसरी सबै सार्वजनिक सवारी साधनले रोयल्टी तिर्ने हो भने करीव ४७ करोड वार्षिक रोयल्टी संकलनहुने देखिन्छ ।

नेपालको परिप्रेक्ष्यमा बाहिरबाट देखिदा धेरै जसो गीतसंगीत प्रयोग गर्ने मध्ये रेडियो टि.भी.एफ.एम.हरु पर्दछन । एसोसियसन अफ कम्युनिटि रेडियो ब्रोडकास्टर, ब्रोडकास्टिङ्ग एसोसियसन नेपाल, उपत्यका प्रसारण मंच लगायत करिव ६५० रेडियो र नेपाल सरकार संचार तथा सुचना प्रबिधि मन्त्रालय, सुचना तथा प्रसारण विभाग बाट टेलिभिजन प्रसारण को इजाजत जारि भएका करिब १४५ टेलिभिजनहरुले संगीत रोयल्टी संकलन समाज नेपालले निर्धारण गरेको मापदण्ड बमोजिमको रोयल्टी बुझाउने हो भने कम्तिमा करिब एक करोड नेपाली रुपैयाँ रोयल्टी संकलनहुने देखिन्छ ।

होटल एसोसियसन नेपाल अन्तर्गत ४००० भन्दा बढि सदस्यहरु छन् त्यस अन्तर्गत पर्ने स्टार होटल, रिसोर्ट, होटल तथा लजहरु, गेष्ट हाउस लगायत बाट मात्र पनि रोयल्टी को मापदण्ड बमोजिम संकलनहुने हो भने बार्षिक करिब ५० करोड नेपाली रुपैयाँ संकलनहुने देखिन्छ ।

डिपार्टमेण्टल स्टोर तथा मार्टहरु, मेलामहोत्सव, विमानस्थल, वायुसेवा, पार्टी प्यालेस, विद्यालय लगायतका क्षेत्रहरुबाट रोयल्टी संकलन हुने हो भने वार्षिक करीव ७ करोड रोयल्टी संकलनहुने देखिन्छ ।

विभिन्न मेलामहोत्सव तथा सांगीतिक कार्यक्रमहरुमा प्रस्तुती दिने प्रस्तुतकर्ताहरुले रोयल्टी नतिरेका त्यस्ता कार्यक्रमहरुमा सामुहिक रुपमा प्रस्तुतिलाई बहिस्कार गर्ने हो भने मात्र पनि वार्षिक ३० दखी ४० करोड रोयलटी संकलनहुने सम्भावनालाई एक अध्ययनले देखाएको छ ।

माथिका यी उदाहरण मात्र हो यसरी रोयल्टी संकलन हुनुपर्ने करिव ३० वटा क्षेत्रलाई संगीत प्रयोगकर्ताको रुपमा पहिचान गरिएको छ । यी सबै कुरालाई हेर्दा नेपालमा मात्रै पनि अर्बौ रुपैयाँ रोयल्टी संकलन हुन्छ र अर्न्तराष्ट्रिय स्तरबाट संकलनहुने रोयल्टीको डेटा हेर्दा नेपालको अनुपातमा २० गुणाले वढि देखिन्छ । यसरी संकलन भैरहदा राज्यलाई सोही अनुपातमा कर मार्फत यस क्षेत्रले योगदान पुर्‍याउछ । यस तर्फ सरकारको ध्यानआकर्षण गराउनु जरुरी छ ।

यस वर्ष आन्तरिक रुपमा रोयल्टी संकलनलाइ भन्दा सस्थालाई अन्तराष्ट्रियरुपमा स्थापित गर्न र नेपालि सर्जक स्रस्टाको सृजाना प्रयोग भएको Tracking गरि रोयल्टी संकलन गर्ने प्रणालीलाई तयार गर्ने विषयलाई प्राथमिकतामा राखी कार्यहरु सम्पन्न भए । BMAT जस्ता अन्तराष्ट्रिय रोयल्टी व्यवस्थापन विश्वासिलो सफ्टवेर कम्पनीहरुसंग सम्झौता गरि कामहरु अघि वढाइयो भने २०,००० भन्दा बढि नेपालि गीतसंगीत तेसै प्रणालि मार्फत Upload गरि Tracking गर्ने कार्य शुरु भैसकेको छ । WIPOConnect मार्फत प्रकाशक तथा सर्जकहरुको अन्तराष्ट्रिय मापदण्ड बमोजिमको रजिष्ट्रेशन नम्बरहरु उत्पन्न गर्न हामि सक्षम भएका छौ साथै अब सृजनाको ISWC कोडको उत्पादन गर्न समेत हामि तयार भैसकेका छौ । अब सर्जकले आफ्ना सृजनाको पुर्णविबरण यस सस्थालाई उपलब्ध गराएको पहिलो हप्ता भित्रै क्लेममा जानसक्ने व्यहोरा यस सम्मानित सभालाई अनुरोध गर्दछु ।

MRCSN
EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

आन्तरिक तर्फको रोयल्टी संकलन निराशा उन्मुख देखियो । यस बर्ष सोचे जस्तो संकलनहुन सकेन । त्यसका धेरै कारणहरु मध्ये बिभिन्न रोयल्टी संकलन समाजहरुसंग ब्यवहारिक्ताको नाममा विभिन्न समयमा भएका MOU हरुको विवादले प्रमुख रुपमा भूमिका निभायो । हाम्रो गौरवमय तेह्रौं साधारण सभाले प्रस्ताब गरेका प्रस्तावित बिधान सम्सोधनलाई लिखित रुपमै चलचित्र तथा संगीत उत्पादक सस्था द्वारा स्वीकृत नगरिओस भन्दै प्रतिलिपिअधिकार रजिष्ट्रारको कार्यालयमा उजुरी दर्ता भयो । हाम्रो साधारण सभाको निर्णय माथि भएको यस प्रकारको प्रहार संगै सहकार्यको नाममा भैरहेको आस्चर्यजनक सम्बन्ध तेहिदिन देखि आधिकारिक रुपमा छुटेको हाम्रो निस्कर्प रह्यो । जसलाई यस आर्थिक बर्पको अन्तिमकार्य समिति बैठकले अनुमोदनगरि सम्बन्धित रोयल्टी संकलक संस्थाहरुलाई हाल भैरहेको सहकार्य अब अघि नबढ्ने पत्राचार समेत गरिसकिएको अनुरोध गर्दछु । स्रोत साधन सबै हाम्रो मात्र प्रयोग हुने तर संकलन भएको रोयल्टी सम्पुर्ण बराबरी भाग लाग्ने यस प्रकारको नीतिले सस्थालाई निकै भार भई लेखापरिक्षणमा समेत अप्ठेरो परिरहेको थियो भने अन्यदुई सहकर्मी सस्थाहरु प्राय निस्क्रीय थिए। छोरा पाउनदिने तर भोटो सिलाउननदिने व्यबहार अङ्गीकार गर्दै प्रतिलिपिअधिकार रजिस्ट्रारको कार्यालयले सर्जक र प्रकाशक का लागि काम गर्न पूर्व स्वीकृत प्राप्त यस सस्थालाई छलफल गर्नु पर्ने भन्दै ०७९ मंशिरमा भएको १३औ साधारण सभाको प्रस्तावित विधानलाई २०८० भाद्र १० गते करिब १ बर्षको समयमा प्रकाशक शब्द भिक्दै स्वीकृत गर्यो । स्रस्टाको हितमा स्थापित सरकारी सस्थाको क्रियाशिल्ता प्रस्तुतिले नै आन्तरिक रोयल्टी संकलन को एथास्थितिलाई प्रस्ट पार्दछ । आरोप प्रत्यारोप तथा वादविवादको बीच पनि करिब ५३,००,०००/- रोयल्टी संकलनभएको छ । तर सस्थाको अत्याबसेक खर्चलाई समेत अपुग संकलनले भाबि रणनीतिमा हामि सबै सर्जकहरु एक हुनुपर्ने आबस्यक्ता लाइ दर्शाएको छ ।

## सस्थाको साङ्गठनिक अबस्था :-

मिति २०६४ जेष्ठ २५ गते नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय मा विधिवत रुपमा दर्ताभई अगाडि बढेको यस संस्थाको स्थापनाकालमा स्व. रत्नशमशेर थापा त्यसपछि क्रमश: श्री यादव खरेल, श्री श्रीपुरुष ढकाल, श्री राजेन्द्र थापा, श्री सुरेश अधिकारी र महेश खड्काको अध्यक्षतामा कार्यसमिति गठन भएको थियो र मिति २०७८ भाद्र २९ मा सम्पन्न १२ औ साधारण सभाबाट श्री सुरेश अधिकारीको अध्यक्षतामा ११ सदस्यीय कार्य समिति निर्विरोध निर्वाचित भई नेतृत्व भैरहेको व्यहोरा अनुरोध गर्दछु । समाजमा हाल पूर्ण सदस्य १३२ र एशोसिएट सदस्य १६७२ गरी जम्मा १८०४ सदस्यरहेको मध्ये ९२२ गीतकार र ८८२ संगीतकार सदस्य रहेको जानकारी गराउँदछु ।

मिति २०७८ भाद्र २९ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न १२ औं साधारण सभाबाट हाम्रो कार्यसमिति अध्यक्ष श्री सुरेश अधिकारी, उपाध्यक्ष चन्द्र प्रसाद शर्मा, महासचिव वि.पाण्डे, कोषाध्यक्ष बसन्त सापकोटा, सदस्यहरु श्री सुवास रेग्मी, श्री पि.एन.सापकोटा (पोम नारायण सापकोटा), श्रीशिरिप देवकोटा, श्री राजेन्द्र कुमार कार्की, श्री बिमलअधिकारी (घनश्याम अधिकारी), श्री सुजन लम्साल (मधुसुधन लम्साल) र श्री रामबहादुर खड्का (रामु खड्का) निर्विरोध निर्वाचितहुदै गर्दा सामान्य भन्दा विषम परिस्थितिभएको हामी सबैमा अवगत नै छ । त्यसैगरी व्यवस्थापन मा प्रमुख ब्यबस्थापक- १, आइटि हेड- १, सी टि ओ- १, डाटा इन्स्पेक्टर- १, लेखापाल- १, एडमिन अफिसर- १, जनसम्पर्क अधिकृत- १, र सहाएक- १ गरि जम्मा ८ जना कर्मचारी रहेको व्यहोरा अनुरोध छ।

## संस्थाको प्रारम्भिक अवस्था :

MRCSN EST. 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

मिति २०७८ भाद्र २९ गते नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न १२ औं साधारण सभा

यो कार्यसमितिलाई निवर्तमान कार्यसमितिबाट विधिवत रुपमा जिम्मेवारी हस्तान्तरण भएन । कार्यालयमा उपस्थित भएको भोलिपल्टै कार्यसमितिको आधिकारिकता माथि परेको उजुरीको छलफलका लागि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट पत्र प्राप्तभयो । स्रष्टा स्रष्टा बीचको मन मुटाव, रिसईवी, आक्रोस, आरोप प्रत्यारोप, प्रचार बाजी बीच करीब ३ महिनाको समय संस्थाले लय समाउन सकेन । संस्थालाई अर्न्तराष्ट्रिय संजालहरुवाट प्रायःनिष्कृय बनाइएको थियो । डिजिटल प्रविधिमा तीव्र फड्को मारिरहेको विश्व संगीतबजारको सामु संस्थागत वेवसाइड तथा इमेलहरु समेत ब्लक भई संचालनमा नहुनु तथा संस्थागत डोमेन समेत उपलब्धनहुने अवस्थाले संस्थाको यथास्थितिलाई सक्रियता तर्फ उन्मुख गर्न असाध्यै चुनौतीपूर्ण अवस्था रहेको थियो । देश भरिका यातायात व्यवस्था कार्यालयहरुमा खोलिएका रोयल्टी संकलनका कार्यालयहरुको कमजोर व्यवस्थापन संगै रोयल्टी संकलनकार्य दयनीय अवस्थामा थियो । वर्षौ देखी संकलनभएका रोयल्टीहरु वितरण नभई स्रष्टाहरुद्धारा व्यक्त विविध गुनासा र निराशाबाहेक सकारात्मक पक्ष केही थिएन । संस्था गठन गर्न क्रियाशील अभियन्ताहरु बाटै संस्था विघठन हुनुपर्छ भन्ने सम्मका अभिव्यक्ति सार्वजनिक हुनु तथा सर्जक स्रष्टाको हकहितका लागि खोलिएका संघ संस्था समेतले त्यस्ता विषयमा मलजल गरिरहेको अवस्था आफैमा विडम्वनापूर्ण थियो । चरम राजनिति तथा विसंगति माफ व्यक्तिगत रिसईवी र देखासिखीमा हजारौ स्रष्टाहरुको अधिकार माथि अन्याय भैरहेको निसास्सिएको जस्तो अवस्था थियो । सरोकारवालाहरु एकजुट भई राज्यको नितिनिर्माण तथा कानून कार्यान्वयन गर्ने निकायमा आफ्नो अधिकारको लागि आवाज बुलन्द गर्नुपर्ने समयमा आफु आफु बीचमै विवाद र आरोप प्रत्यारोपमा रुमल्लिई कानून प्रदत्त हकअधिकारबाट विमुखहुनु अत्यन्तै दुखद् पक्षथियो ।

मिति २०७९ मंशिर २४ गते सांकृतिक संघ कालिका स्थानमा सम्पन्न १३औं साधारण सभा

यस साधारण सभा सम्म आइपुग्दा सस्थाले आफुलाई डिजिटल मैत्री वनाउदै सस्थाको आफ्नै डोमेन, वेवसाइट, इमेलहरुको व्यवस्थापन संगै अन्तराष्ट्रिय समुदायसंग बिक्षेद भएका सम्वन्धहरुलाई नबिकरणमा ल्याउन व्यबस्थापकीय भूमिकामा आफुलाई खरो उतार्दै सफलताहरु हात पार्यो । बिभिन्न बहानामा स्रस्टा स्रस्टा बीच बढेको बिवाद तथा मनमुटाबलाइ सम्वादमा ल्याउदै समाधान तर्फ उन्मुख गर्न केहिहद सम्म सफलता पाइयो । आपसी झगडाले भएको घाटालाई स्रस्टाहरुले नजिक बाट नियाल्ने मौका पाए भने अनाबसेक भड्काउ गर्ने जमातलाई कमजोर बनाउन सफल भयौं । सरोकार वाला सस्थाहरुका नेतृत्वमा आएको परिबर्तन ले यस बिषयमा ठुलो भूमिका खेल्यो । **हामि कसैलाई हराउन होइन आफु जित्न अघि बडौ** भन्ने अभियान शुरु भयो । यसका लागि संगीतकार संघका अध्यक्ष चेतन सापकोटा सहितको कार्यसमिति र गीतकार संघको अध्यक्ष बसन्त बित्यासी तथा महासचिव टिका राइ सहितको कार्यसमितिको भूमिका सरहानिय रह्यो । पहिलो पटक फेश्बूक संग रोयल्टीको सम्झौता भयो ।


यस आर्थिक बर्ष सम्म आइपुग्दा MRCSN ले अघि बढाएका केहि महत्वपुर्ण कार्यक्रम तथा गतिबिधिलाई यहा उल्लेख गर्न चाहन्छु ।

प्रकाशक हरुलाई बिधिवत रुपमा स्रस्टा संजालसंग जोड्ने कार्य सम्पन्न भयो । अन्तराष्ट्रिय स्तरमा स्रस्टाको सृजनाको मेनेजमेन्टको काम गर्ने प्रकाशकलाई सस्था बनाउँदा ताका नै परिकल्पना गरिएको थियो तर सक्रिय गराइएको थिएन तर समय सन्दर्भले हाम्रो रचनाको अन्तराष्ट्रिय दर्ता ISWC नै


MRCSN EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

स्रस्टा र प्रकाशक को एउटै हुने कुरा बुझ्न हामि सफल भयौ । संसार भरि रोयल्टी मध्यको Publishing रोयल्टी MRCSN जस्तो सस्थाले र साउण्ड रेकर्डिङ्गको हिस्सा प्रोड्युसरहरुले संकलन गर्ने प्राबधान छ ।

IFPI को ग्लोबल रिपोर्ट २०२३ अनुसार यस बर्ष विश्वभर बाट २६.२ बिलियन डलर अर्थात झन्डै ३४,00000000000/-(३४ खर्ब) साउण्ड रेकोर्डिङ्ग को लाइसेन्सिङ्ग बापत र करिब ११.२ बिलियन डलर अर्थात झन्डै १४,00000000000/- ( १४ खर्ब) Publishing रोयल्टी बापत संकलन भएको छ । दुवै रोयल्टी अघिल्लो बर्षको तुलनामा ९% ले बढेको छ । संसार त्याँहा पुगेको छ तर हामि सानो सपना देख्न डराइरहेका छौ । हाम्रो सृजना वापतको रोयल्टी हामीलाई दिनै पर्छ भनेर भन्न डराइरहेका छौं । कसैले गरिदियोस र म सम्पन्न हुनेछु भनेर बसे झैं अब नगरौ आउनुहोस आफ्नो लागि आफै जागौ । सृजनाले सम्पन्न स्रस्टाहरु अब आफ्नो सृजनाको मुल्यले सम्पन्न बनौ ।




MRCSN
EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL




MRCON
EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL




यस आर्थिक बर्ष निम्न विषयहरुमा निम्न निर्णय मार्फत निम्न उपलब्धि प्राप्त गरियो ।

१. आर्थिक बर्ष २०७८-७९ को साधारण सभा सम्पन्नगर्दै सस्थाका लागि आवस्यक बिधान संसोधन तथा रोयल्टी संकलनका लागि आवस्यक नीति नियमावली तयार गरि अनुमोदन गरियो ।

२. फेश्बूक मार्फत दोस्रो किस्ता बापतको रोयल्टी संकलन गरियो ।

३.समाजमा अत्यावस्यक नया दरवन्दीहरु सृजना गरि प्राबिधिक तथा दक्षजनशक्तिको नियुक्ति गरियो ।

४. सस्थाको अनामनगर स्थित अफिसको छानो चुहिन गई समस्या भएकोले पुनर्निर्माण गर्ने कार्य सम्पन्न गरियो ।

५. समाजका लागि डलर खाताखोलि संचालनमा ल्याइयो ।

६. राष्ट्रिय तथा अन्तराष्ट्रिय संगीत रोयल्टी संकलन कार्यमा आपसी सरसहयोग तथा अनुभव आदानप्रदान गर्ने उदेश्यका साथ IPRS इण्डियाको अफिस भिजिट तथा प्राबिधिक तालिम कार्यक्रममा उपस्थितभई लाभ प्राप्त गरियो । साथै बिश्वबिख्यात लेखक जाबेद अख्तरको नेतृत्वमा रहेको उक्त

MRCSN EST. 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

सस्थाले करिब २६,००,०००/- बराबरको कम्प्युटर लगायतका सरसामान उपहार स्वरुप प्रदान गरेका जानकारी गराउदछु ।

७. उत्पादक र प्रस्तोताहरुको समाज संग भईरहेको सहकार्यलाई रोकी सहकार्यको पुनरा अबलोकन गर्ने निर्णय गरियो । आबस्यक बिषयमा सहमति तथा अनाबस्यक बिषयमा एनको समेत व्याख्या गरि गराई अघि बढ्ने निर्णय गरियो ।

८. विगत लामो समय देखीका अडिट रिपोर्टहरु मार्फत सर्दै आइरहेका घाटाहरु र यस बर्ष र गत बर्ष जोडिदै आएका घाटा तथा bank account मा नदेखिएका रकम तर लेखापरीक्षण मार्फत सर्दै आइरहेका अस्वाभाविक payable रकमहरुलाई नीतिगत बेरुजु सेटलमेण्ट गरी लगिएको छ ।

९. CISAC मार्फत प्रदान गरिएको तालिम तथा APC बैठक थाईल्याण्डमा सहभागी भैयो । सस्थाको प्रतिबेदनलाइ प्रस्तुत गरियो । जसका कारण बाट खारेजीको अध्यनमा अर्थात पर्ख र हेर को अवस्थामा रहेको हाम्रो समाज को CISAC अन्तराष्ट्रिय सदस्यतालाइ रिनुगर्न सफल भैयो । साथै समाज र समाजको व्यवस्थापनपक्षले विभिन्न चरणमा गरेका कार्यहरुको बिबण निम्नउल्लेख छ ।

MRCSN
EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

## CISAC TRAINING AND APC SEMINAR VISIT DETAILS

| DATE | SUBJECT of TRAINING and SEMINAR |
|---|---|
| 9th May, 2023 | Collective Management of Copyright of Musical Works. Licensing Structure, Membership Rules, General Licensing Procedure. |
| 10th May, 2023 | Marketing Communication, International Coordination, Legal Overview and Overview of Broadcasting. |
| 11th May, 2023 | Seminar and 15 Minutes Presentation. |
| 12th May, 2023 | Seminar |

| S.N | OUTPUTS |
|---|---|
| 1 | Release of Equipment Donation from IPRS. |
| 2 | Learn about Digital Platform Royalty Collection. |
| 3 | International Coordination and Rehabilitation of Relationships (Reciprocal Agreements). |
| 4 | Commitment from IPRS to support at re-writing of Copyright Act. |
| 5 | A good bonding with CISAC and commitment for support on operations expenditure assurance from CISAC. |
| 6 | Learn about legal perspectives. |
| 7 | Learn about the whole process of YouTube claiming. |
| 8 | Meeting with BMAT and now we are in regular contact for regular works. |
| 9 | Meeting with Facebook, conversation about the remaining payment and new contract. |
| 10 | Started conversation for reciprocal agreement with 5 new CMOs. |
| 11 | Approached for coordination to collect the royalty from gulf countries like U.A.E, Saudi Arabia, Oman, Qatar, Kuwait, Jordan etc. |
| 12 | Approached IPRS to send the IPRS Works Metadata for royalty collection at Nepal Territory. |
| 13 | Convinced on continuity of CISAC Membership, where it was supposed to cancel it. |

- The total expenditure of F.Y 2079/2080 is as per the Budget proposed at 13th General Assembly.
- Total royalty collection from different sector in domestic of F.Y 2079/2080 is NRs 21,91,973.93
- Total royalty collection from Facebook of F.Y 2079/2080 is USD 24,374
- In the F.Y 2079/2080 lots of achievement has been achieved and few of them are listed below:

MRCSN EST. 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

# F.Y 2079/2080 ACHIVEMENTS

| | |
|---|---|
| **CISAC** | Extended our provisional membership for one more year. |
| **WIPO Connect** | Upgraded and implement up to create IPI for Creators and Publisher from this portal interlinking with SUISA and working for ISWC creation. |
| **Membership** | **Creators** - Added 104 new members |
| | **Publishers** - Added 2 new members as Music Nepal and Bindabasini |
| **YouTube** | Received YT CMS and started pre-claiming royalty and ingested around 20000 Nepali works and 1800 IPRS works as per reciprocal |
| **Spotify** | First phase meeting has been conducted for licensing. |
| **Tiktok** | First phase meeting has been conducted for licensing. |
| **Reciprocal** | One new society of Turkey has been added and one society-BMI has terminated t MRCS. |
| **CISAC Training** | General Secretary and C.E.O has participated at 4 days training and APC Meeting at Bangkok. Also presented the financial Reports. |
| **New Appointment** | Chief Executive Officer, Chief Technical Head, Data Inspector, Finance Officer, Liaison Officer and Admin Assistant has been appointed. |
| **IT Equipment** | IPRS has agreed to provide IT Equipment to MRCSN as donation. |
| **Trainings** | **WIPO** - 3 Participants has taken at least 3 times. |
| | **BMAT** - 2 Participants has taken at least 2 times. |
| | **IPRS** - 3 Participants has taken at least 3 times. |
| | **ACR CLOUD** - 2 Participants has taken at least 1 time. |
| | **META** - 2 Participants has taken at least 2 times. |
| **Meetings** | **WIPO** - At least 20 times meeting has been held. |
| | **BMAT** - At least 30 times meeting has been held. |
| | **IPRS** - At least 40 times meeting has been held. |
| | **YOUTUBE** - At least 5 times meeting has been held. |
| | **SPOTIFY** - At least 3 times meeting has been held. |
| | **TIKTOK** - At least 3 times meeting has been held. |
| | **ACR CLOUD** - At least 10 times meeting has been held. |
| | **CISAC** - At least 30 times meeting has been held. |
| | **SUISA** - At least 10 times meeting has been held. |
| **Communication** | Communication gap has been decreased from 2-3 months replying practice into a week as emails were replying within a week in this F.Y |

MRCSN EST. 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

आदर्णिय स्रस्टा ज्युहरु

यो बर्षलाई एउटा सांगीतिक अभियानको परिकल्पना गरेको छु । "सृजनाको मूल्य बढाउँ स्रस्टाको सम्मान बढाउँ" यस नारालाई पुरा गर्न यस सस्थाका लागि निम्न बमोजिमको संगीत रोयल्टी संकलन गर्ने प्रस्तावित रोयल्टी संकलन मापदण्ड २०८० प्रस्तुत गर्दछु ।

**१४औ साधारणसभाका लागि सङ्गीत रोयल्टी सङ्कलन समाज नेपालको गीत संगीत सार्वजनिक रुपमा प्रयोग गर्ने प्रयोगकर्ताहरुसंग रोयल्टी संकलनको लागि बनाइएको प्रस्तावित मापदण्ड २०८०**

## १. रेडियो

| सि.न. | रेडियोको बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | सरकारी रेडियो- | १०,००,०००।- |
| २ | रेडियो नेटवर्क | २०,०००।- |
| ३ | रेडियो १००-२५० वाट | १०,०००।- |
| ४ | रेडियो ५०० वाट | २५,०००।- |
| ५ | रेडियो १००० वाट | ५०,०००।- |
| ६ | रेडियो २००० वाट | १,००,०००।- |

क. रेडियोहरुमा गीतसङ्गीत प्रयोग गरि हुने साँगीतीक रियालिटि प्रसारणका लागिप्रति भाग रु ४,५००/- रोयल्टी तिर्नुपर्नेछ ।

ख. प्रसारण हुने गीतसङ्गीतको पुर्ण विबरण(Metadata) उपलब्ध गराउनु पर्नेछ ।

## २. टेलिभिजन

| सि.न. | टेलिभिजनको बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | टेरेसट्रियल टेलिभिजन(Terrestrial TV) | १,००,०००।- |
| २ | स्याटेलाईट टेलिभिजन(Satellite TV) | १०,००,०००।- |
| ३ | केबल टेलिभिजन(Cable TV) | ५,००,०००।- |
| ४ | आईपि टेलिभिजन(Internet Protocol TV) | ५,००,०००।- |
| ५ | अनलाईन टेलिभिजन(Online TV) | ५,००,०००।- |

क. टेलिभिजनहरुमा प्रसारण हुने साँगीतीक रियालिटि सोमा प्रति इपिसोड रु.१०,०००/- रोयल्टी तिर्नुपर्नेछ ।

ख. प्रसारण हुने गीतसङ्गीतको पुर्ण विबरण(मेटाडाटा) उपलब्ध गराउनु पर्नेछ ।

MRCSN
EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

### ३. लाईभ कनसर्ट, मेलामहोत्सब प्रदर्शनि तथा साँगीतीक कार्यक्रमहरु

| सि.न. | बर्गिकरण | रोयल्टी- प्रतिदिन |
|---|---|---|
| १ | महानगरपालिका | १५,०००।- |
| २ | उप-महानगरपालिका | १०,०००।- |
| ३ | नगरपालिका | ७,०००।- |
| ४ | गाउँपालिका | ५,०००।- |

क. प्रसारण हुने गीतसङ्गीतको पुर्ण विबरण (Metadata) उपलब्ध गराउनु पर्नेछ।

### ३.१अन्तराष्ट्रिय कलाकारहरुलाई उपलब्धगराई हुने लाईभ कनसर्ट मेला महोत्सब प्रदर्शनि तथा साँगीतीक कार्यक्रमहरु

| सि.न. | बर्गिकरण | रोयल्टी- प्रतिदिन |
|---|---|---|
| १ | महानगरपालिका | १,००,०००।- |
| २ | उप-महानगरपालिका | ७५,०००।- |
| ३ | नगरपालिका | ५०,०००।- |
| ४ | गाउँपालिका | २५,०००।- |

### ४. होटल

गीतसँगीत प्रयोग गर्ने प्रयोगकर्ताहरु मध्यहोटल व्यबसायहरु अग्रणी स्थानमा आऊदछ। होटल मार्फत विस्वबजारमा धेरै राम्रो रोयल्टी संकलन भएको देखिन्छ।

| सि.न. | होटलको बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | पाँचतारे होटल | ५,००,०००।- |
| २ | चारतारे होटल | ४,००,०००।- |
| ३ | तिनतारे होटल | ३,००,०००।- |
| ४ | दुईतारे होटल | १,००,०००।- |
| ५ | एकतारे एवं अन्य सवै होटलहरु | ७५,०००।- |

### ४.१ होटल तथालजहरु

| सि.न. | बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | ५-१० कोठा | १०,०००।- |
| २ | १०-२० कोठा | १५,०००।- |
| ३ | २०-३० कोठा | २०,०००।- |
| ४ | ३०-५० कोठा | ३०,०००।- |
| ५ | ५०-१०० कोठा | ४०,०००।- |
| ६ | १००-१५० कोठा | ५०,०००।- |
| ७ | १५०-२०० कोठा | १,००,०००।- |
| ८ | २०० भन्दामाथिकोठा | २,००,०००।- |

MRCN EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

**४.२ होटल भित्र अन्तराष्ट्रिय कलाकारहरुलाई उपलब्ध गराई हुने कन्सर्टहरुमा निम्न बमोजिमको रोयल्टी तोकियको छ ।**

| **सि.न.** | **होटल बर्गिकरण** | **रोयल्टी- प्रतिकन्सर्ट** |
|---|---|---|
| १ | पाँचतारे होटल | ३,००,०००।- |
| २ | चारतारे होटल | २,००,०००।- |
| ३ | तिनतारे होटल | १,००,०००।- |
| ४ | दुईतारे होटल | ५०,०००।- |

**५. क्यासिनो**

| **सि.न.** | **(क्षेत्रफल) बर्गफिटको बर्गिकरण** | **रोयल्टी- प्रतिबर्ष** |
|---|---|---|
| १ | ५०० बर्गफिट सम्म फैलिएको | १,००,०००।- |
| २ | ५००-१००० बर्गफिट सम्म फैलिएको | २,००,०००।- |
| ३ | १०००-२००० बर्गफिट सम्म फैलिएको | ३,००,०००।- |
| ४ | २०००-४००० बर्गफिट सम्म फैलिएको | ५,००,०००।- |
| ५ | ४०००-८००० बर्गफिट सम्म फैलिएको | ७,००,०००।- |
| ६ | ८००० भन्दा धेरै बर्गफिट सम्म फैलिएको | १०,००,०००।- |

**६. रिसोर्टहरु**

| **सि.न.** | **क्षेत्रफलको बर्गिकरण** | **रोयल्टी- प्रतिबर्ष** |
|---|---|---|
| १ | १ रोपनिभन्दाकम क्षेत्रफलमा भएका रिसोर्टहरु | ५,०००।- |
| २ | १-५ रोपनि क्षेत्रफलमा भएका रिसोर्टहरु | १०,०००।- |
| ३ | ५-१० रोपनि क्षेत्रफलमा भएका रिसोर्टहरु | २०,०००।- |
| ४ | १०-२० रोपनि क्षेत्रफलमा भएका रिसोर्टहरु | ४०,०००।- |
| ५ | २०-५० रोपनि क्षेत्रफलमा भएका रिसोर्टहरु | ७५,०००।- |
| ६ | ५०-१०० रोपनि क्षेत्रफलमा भएका रिसोर्टहरु | १,००,०००।- |
| ७ | १००-२०० रोपनि क्षेत्रफलमा भएका रिसोर्टहरु | २,००,०००।- |
| ८ | २००-५०० रोपनि क्षेत्रफलमा भएका रिसोर्टहरु | ३,००,०००।- |
| ९ | ५०० रोपनिभन्दा धेरै क्षेत्रफलमा भएका रिसोर्टहरु | ५,००,०००।- |

MRCSN EST. 2067
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

७.यातायात

सार्वजनिक यातायातका साधनहरुले वार्षिक निम्न नेपाली रुपैंयाका दरले रोयल्टी बुझाउनुपर्ने छ

| सि.न. | यातायातको बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | ३ पाङ्ग्रे (टेम्पु) प्रति गाडी | ८००।- |
| २ | ४ पाङ्ग्रे (ट्याक्सी, माइक्रो, जिप) प्रति गाडी | १,०००।- |
| ३ | ४ पाङ्ग्रे (मझौला बस मिनी बस) प्रति गाडी | १,५००।- |
| ४ | ६ पाङ्ग्रे (ठुला बस) प्रति गाडी | २,०००।- |

७.१ पर्यटकीय सवारी साधनहरु -

| सि.न. | पर्यटकीय सवारी साधनको बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | बस | २,०००।- |
| २ | मिनीबस | १,५००।- |
| ३ | ट्याक्सी, माइक्रो, जीप | १,०००।- |

८. सांगीतिक धुन वा गीत बजाएर वा प्रत्यक्ष प्रस्तुती गरी सञ्चालन गरिने होटल वा सोही प्रकृतीका अन्य रेष्टुरेण्ट आदि ।

**सांगीतिक धुन वा गीत बजाएर वा प्रत्यक्ष प्रस्तुती गरी सञ्चालन गरिने होटल वा सोही प्रकृतीका अन्य रेष्टुरेण्ट**ले बार्षिक रु.३०,०००।- नेपाली रुपैंयाका दरले रोयल्टी बुझाउनु पर्नेछ ।

९. डिजिटल मिडिया/रिङ ब्याक टोन

डिजिटल मिडियाबाट डाउनलोड गरिने गीतसङ्गीतबाट हुने आम्दानीको १५% का दरले वार्षिक रुपमा डिजिटल मिडियाहरुले रोयल्टी बुझाउनु पर्नेछ । प्रति रिङटोन प्रयोग वापतहुने आम्दानीबाट १५% का दरले जम्मा रिङटोन डाउनलोड वापतको कुल रकम मासिक वा वार्षिक रुपमा मोबाइल रिङटोन सेवा प्रदायक कम्पनीहरुले रोयल्टी बुझाउनु पर्नेछ ।

१०. वायुसेवा

वायुयानमा गीतसङ्गीत प्रयोग भए वापत प्रतियात्रु रु.५।- का दरले रोयल्टी बुझाउनु पर्नेछ, तर वार्षिक कम्तीमा रु.२,५०,०००।- प्रति वायुयान तिर्नुपर्नेछ । In flight entertainment भए रु. ८।- प्रतियात्रुका दरले रोयल्टी बुझाउनु पर्नेछ, तर वार्षिक कम्तीमा रु.४,००,०००।- प्रति वायुयान तिर्नुपर्नेछ ।

MRCSN EST. 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

११. विमानस्थल

| सि.न. | विमानस्थलको बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | राष्ट्रिय विमानस्थल | २,००,०००।- |
| २ | अन्तराष्ट्रिय विमानस्थल | १०,००,०००।- |

१२.मल, आर्केड, सपिङ्गकम्प्लेक्स, सुप्रर्मार्केट आदि

| सि.न. | क्षेत्रफलको बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | ५००० बर्गफिट सम्म फैलिएको | १,५०,०००।- |
| २ | ५०००-१०००० बर्गफिट सम्म फैलिएको | २,००,०००।- |
| ३ | १००००-२०००० बर्गफिट सम्म फैलिएका | ३,००,०००।- |
| ४ | २००००-५०००० बर्गफिट सम्म फैलिएका | ५,००,०००।- |
| ५ | ५०००० भन्दा धेरै बर्गफिटमा फैलिएका | १०,००,०००।- |

१३. फनपार्क, पिकनिक स्पट

| सि.न. | बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | स्वीमिङ्ग पुल भएका फनपार्क | १०००००।- |
| २ | स्वीमिङ्गपुल नभएका फनपार्क | ५०,०००।- |
| ३ | पिकनिक स्पट | १०,०००।- प्रतिपिकनिक |

१४. डिपार्टमेन्टल स्टोर

| सि.न. | क्षेत्रफलको बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | ५०० वर्ग फिट सम्म | ५,०००।- |
| २ | ५००-१००० वर्ग फिट सम्म | ७,५००।- |
| ३ | १०००-२००० वर्ग फिट सम्म | १०,०००।- |
| ४ | २,००० भन्दा धेरै | १५,०००।- |

**१५. डान्स स्कूल, कला केन्द्र, म्युजिकक्लासले वार्षिक रु. १०,०००।- रोयल्टी तिर्नुपर्नेछ ।**

**१६. डिस्कोक्लब, लन्जबार, व्यवसायिक डान्स हलहरु**

डिस्को क्लब, लन्जबार, व्यवसायिक डान्सहलहरुले २,००,०००।- प्रतिबर्षका दरले रोयल्टी तिर्नुपर्नेछ।

MRCSN EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

**१७. हेल्थक्लब, जिमहल, एरोबिक्स, सौनावाथ, स्पा, सौन्दर्य क्लिनिक आदि**

१००० वर्ग फिट सम्म क्षेत्रफलभएमावार्षिक कम्तीमा रु. ३०,०००।- तथा प्रति थप ५०० वर्ग फिटको वार्षिक थप रु.१०,०००।- का दरले रोयल्टी तिर्नुपर्नेछ ।

**१८.चलचित्रहल**

प्रत्येक चलचित्रहल (Single Theater)ले बार्षिक प्रति सिट रु. १००।-का दरले रोयल्टी बुझाउनु पर्ने छ ।

**१९. रेष्टुराँ, पबबार, डाइनिङ्ग, लाउन्ज, क्याफे, दोहोरिसाँझ, गजलसाँझ, डान्स सोही प्रकृतीका अन्य रेष्टुरेण्ट आदि**

रेष्टुराँ, पबबार, डाइनिङ्ग, लाउन्ज, क्याफे, अफिस क्यान्टिन, दोहोरिसाँझ, गजलसाँझ **सोही प्रकृतीका अन्य रेष्टुरेण्ट** आदिले बार्षिक रु. ५०,०००।- का दरले रोयल्टी बुझाउनुपर्ने छ ।

**२०. पार्टी हल, पार्टी प्यालेस, ब्यान्क्वेट आदि**

| **सि.न.** | **क्षेत्रफलको बर्गिकरण** | **रोयल्टी- प्रतिबर्ष** |
|---|---|---|
| १ | २००० वर्ग फिट सम्म | २०,०००।- |
| २ | २०००-४००० वर्ग फिट सम्म | ३०,०००।- |
| ३ | ४०००-६००० वर्ग फिट सम्म | ५०,०००।- |
| ४ | ६००० भन्दा धेरै वर्ग फिट | ७५,०००।- |

**२१. खुद्राबिक्रेता, किरानापसल, फेन्सिस्टोर, कफिसप, अफिसक्यान्टिन, व्यूटीपार्लर, हेयरड्रेसर, सलुनस्टल आदि**

खुद्राबिक्रेता, किरानापसल, फेन्सिस्टोर, कफिसप, अफिसक्यान्टिन, व्यूटीपार्लर, हेयरड्रेसर, सलुन स्टल आदिले मासिक रु. २००।- रोयल्टी तिर्नुपर्दछ ।

**२१.१ सार्वजनिकहलहरु**

गीत, सङ्गीततथा नृत्यको प्रस्तुतिहुने कार्यक्रममाआयोजकले प्रति सिटको रु.१०।- का दरले हुन आउने रकम रोयल्टी वापत तिर्नुपर्नेछ ।

**२२. शैक्षिक संस्थाहरु**

| **सि.न.** | **शैक्षिक संस्थाको बर्गिकरण** | **रोयल्टी- प्रतिबर्ष** |
|---|---|---|
| १ | "क"श्रेणीको विद्यालय | १५,०००।- |
| २ | "ख"श्रेणीको विद्यालय | १४,०००।- |
| ३ | "ग"श्रेणीको विद्यालय | १३,०००।- |
| ४ | "घ"श्रेणीको विद्यालय | १२,०००।- |
| ५ | सामुदायिकविद्यालय | १०,०००।- |

MRCSN EST. 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

| | | |
|---|---|---|
| ६ | कलेज | २५,०००।- |

२३. खेलकुद

| सि.न. | बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | फुटसल | २५,०००।- |
| २ | रंगशाला | १,००,०००।- |
| ३ | ईनडोर क्रिकेट | २५,०००।- |
| ४ | क्रिकेट स्टीडियम | १,००,०००।- |

२४. मार्ट

| सि.न. | क्षेत्रफलको बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | १००० वर्ग फिट सम्म | १५,०००।- |
| २ | १०००-२००० वर्ग फिट सम्म | २०,०००।- |
| ३ | २०००भन्दा धेरै वर्ग फिट | २५,०००।- |

२५. मल्टिप्लेक्स

| सि.न. | क्षेत्रफलको बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | ५००० वर्ग फिट सम्म | १,००,०००।- |
| २ | ५०००-१०००० वर्ग फिट सम्म | १,५०,०००।- |
| ३ | १०००० भन्दा धेरै वर्ग फिट | २,००,०००।- |

२६. पार्क

| सि.न. | क्षेत्रफलको बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | १-५ रोपनि क्षेत्रफलमा भएका पार्कहरु | २०,०००।- |
| २ | ५-२० रोपनि क्षेत्रफलमा भएका पार्कहरु | ४०,०००।- |
| ३ | २०-५० रोपनि क्षेत्रफलमा भएका पार्कहरु | ७५,०००।- |
| ४ | ५०-१०० रोपनि क्षेत्रफलमा भएका पार्कहरु | १,००,०००।- |
| ५ | १००-५०० रोपनि क्षेत्रफलमा भएका पार्कहरु | २,००,०००।- |
| ६ | ५०० रोपनिभन्दा धेरै क्षेत्रफलमा भएका पार्कहरु | २,५०,०००।- |

MRCSN EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

२७.शोरुम

| सि.न. | क्षेत्रफलको बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | ५००० वर्ग फिट सम्म | ५०,०००।- |
| २ | ५०००-१०००० वर्ग फिट सम्म | ७५,०००।- |
| ३ | १००००-२००००वर्ग फिट सम्म | १,००,०००।- |
| ४ | २००००-४०००० वर्ग फिट सम्म | १,५०,०००।- |
| ५ | ४०००० भन्दा धेरै वर्ग फिट | २,००,०००।- |

२८ म्युजिकल एप्स तथा म्युजिक स्ट्रिमिङ्ग एप्लिकेसन (रास्ट्रिय स्तरमा)

| सि.न. | बर्गिकरण | रोयल्टी- प्रतिबर्ष |
|---|---|---|
| १ | कुल आम्दानिको | १५% |

२८.१ म्युजिकल एप्स, म्युजिक स्ट्रिमिङ्ग एप्लिकेसन, फेसबुक, टिकटक, युट्युब

(अन्तरास्ट्रिय स्तरमा) बाट १५% का दरले बार्षिक रोयल्टी संकलन गरिनेछ ।

२९.विविध

कुनै पनि संघ संस्थाको कार्यक्रम, चेतनामुलक कार्यक्रममा गीत, सङ्गीत तथा नृत्यको प्रस्तुतिहुने भए आयोजकले रु.५,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ ।

## समस्या तथा चुनौती :

(क) प्रयोगकर्ताहरुमा गीत संगीतको प्रयोग वापतको संगीत रोयल्टी बुझाउनु पर्छ भन्ने चेतनाको कमी, दण्ड जरिवानाको व्यवस्था अत्यन्त फितला

(ख) समाजमा आर्थिक अभाव, दक्षजनशक्तिको कमी

(ग) राज्यवाट कानुन कार्यान्वयन गर्ने गराउने कार्यमा उदासिनता साथै समय सापेक्ष कानूर्ननिर्माण नहुनु,

(घ) परिवर्तित राज्यको संरचना र शासकीय स्वरुपले गर्दा कानूनकार्यान्वयन गर्ने निकायमा अन्यौलता,

(ङ) संस्थाका सदस्यहरु तथा सरोकारवाला संघ संस्थाहरु समेत आफ्नो अधिकार प्राप्त गर्न एकजुट हुननसक्नु, रोयल्टी सम्वन्धी ज्ञानको कमी हुनु,

MRCSN EST. 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

(च) ऐनमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको भुमिकालाई सिमित गरी पर्याप्त अधिकार नदिनु, रोयल्टी संकलन का लागि खोलिएका अन्य दुइ सस्था बीच कसले काहा बाट् कसरि रोयल्टी उठाउनु पर्ने हो भन्ने बिषयमा अन्यौलता । स्रस्टाको प्रकाशन अधिकारका रोयल्टी किन साउण्ड रेकर्डिङ्ग लाइ बाडेको भन्ने प्रश्न

(छ) अर्न्तराष्ट्रिय सन्धी सम्झौता कार्यान्वयनमा उदासिनता,

(ज) प्रतिलिपिअधिकार ऐनलाई पुर्नलेखन गर्नुपर्ने,

(झ) सरोकारवालापक्ष र कानून कार्यान्वयन गर्ने निकाय बीच लामो समय देखी छलफल र कानूनी प्रावधानलाई कार्यान्वयन गर्न लिखित रुपमा भएका सहमति तथा निर्देशनहरु दस्तावेजीकरण मात्रभएर बस्नु कार्यान्वयन नहुनु,

(ञ)) अर्न्तराष्ट्रिय रोयल्टी संकलन गर्न मेटाडाटाको तयारी,

## समाधान :

(क) प्रयोगकर्ताहरुलाई गीत संगीतको प्रयोग वापतको संगीत रोयल्टी बुझाउनको लागि चेतना मुलक कार्यक्रमहरु संचालन गर्ने र कार्यक्रममा सहभागिताको लागि अभिप्रेरित गर्ने,

(ख) संस्थामा आर्थिक तथा दक्षजनशक्तिको कमीलाई समय सापेक्ष प्रविधि मैत्रीबनाउदै अर्न्तराष्ट्रिय सम्बन्धबाट प्राप्त गर्न सकिने सहयोग र सुविधाप्राप्त गर्न पहल गर्ने,

(ग) राज्यलाई कानुन निर्माण तथा कार्यान्वयन गर्ने गराउने विपयमा अग्रसरताको लागि पहल गर्ने साथै समय सापेक्ष कानून परिमार्जन गरी आवश्यक दण्ड जरिवानाको व्यवस्थालाई प्रयोगमा ल्याउने,

(घ) परिवर्तित राज्यको संरचना र शासकीय स्वरुपले गर्दा कानून कार्यान्वयन गर्ने निकायमा रहेको अन्यौलतालाई हटाई कार्यान्वयन गर्नको लागि पहल गर्ने,

(ङ) संस्थाका सदस्यहरु तथा सरोकारवाला संघ संस्थाहरु आफ्नो अधिकार प्राप्त गर्न एकजुट भई रोयल्टी संकलनको लागि लाग्नु पर्ने साथै आर्थिक पारदर्शिताका लागि संस्थागत हिसाबकिताबलाई प्रविधि मैत्री वनाउने

(च) प्रतिलिपि अधिकार ऐनमा नेपालप्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको भूमिकालाई अझ प्रभावकारी बनाउनु पर्ने,

(छ) अर्न्तराष्ट्रिय सन्धी सम्झौता कार्यान्वयनमा पहल गर्ने,

(ज) प्रतिलिपि अधिकार ऐनलाई पुर्नलेखन गर्नुपर्ने, रोयल्टी सम्वन्धि छुट्टै एनको ब्यबस्था हुनु पर्ने । स्रस्टाका आर्थिक अधिकार हस्तान्तरण हुने तर रोयल्टी सम्बन्धि अधिकार हस्तान्तरण नहुने कानुन बनाउन पर्ने ।

(झ) सरोकारवाला पक्ष र कानून कार्यान्वयन गर्ने निकायवीच लामो समय देखी छलफल र कानूनी प्रावधानलाई कार्यान्वयन गर्न लिखित रुपमा भएका सहमति तथा निर्देशनहरु कार्यान्वयन गर्न आवश्यक पहल गर्ने,

(ञ)) अर्न्तराष्ट्रिय रोयल्टी संकलन गर्न मेटाडाटा संकलनलाई तिव्रतादिनु पर्ने,

MRCSN EST. 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

## निश्कर्ष :

अर्न्तराष्ट्रिय रुपमा संगीत रोयल्टीको क्षेत्रमा नेपालको उपस्थिति शून्य अवस्थामा छ । जसले गर्दा अर्न्तराष्ट्रिय रुपमा देशलाई लज्जाबोध बाहेक केही प्राप्त हुदैन । यस अवस्थाबाट माथि उठि अर्न्तराष्ट्रिय रुपमा देशको छवि उचो राख्नका लागि गीतसंगीतको प्रयोग बापत को संगीत रोयल्टी बुझाउनु पर्छ भन्ने विभिन्न सचेतना मूलक कार्यक्रमहरु संचालन गर्नु पर्ने मात्र नभई रोयल्टीसंग सरोकार राख्ने एक पक्ष स्वयम प्रस्तोताहरुले पनि संगीत रोयल्टी नबुझाएको मेला-महोत्सव लगायतका सांगीतिक प्रस्तुतीहुने कार्यक्रमहरुमा आफ्नो सांगीतिक प्रस्तुति नगर्न प्रतिवद्धता जनाउने हो भने वार्षिक ३०-४० करोड रोयल्टी उठ्ने सम्भावना छ तर सरोकारवाला पक्ष (प्रस्तोता) नै किन यसका लागि तयार छैन ? अब प्रश्न गर्ने समय भएको छ । कतै यसो गर्नु प्रतिलिपि अधिकारको हनन त होइन??

सार्वजनिक यातायातहरुमा गीत संगीतप्रयोग गर्न संगीत रोयल्टी संकलन समाजमार्फत जारी भएको इजाजतपत्र अनिवार्य हुनुपर्ने र त्यस्ता सवारी साधनको ट्राफिक प्रहरीद्धारा कागजात चेक जाचगर्दा संगीतको इजाजत समेत चेकजाच गर्ने व्यवस्था भएमा, एफ.एम.रेडियो, टेलिभिजनको वार्षिक नवीकरण गर्दा अनिवार्य संगीत रोयल्टी बुझाएको निस्सा प्राप्तभए पछि मात्र हुने बिषयलाई कडाइका साथ् लागु गरीए संकलनको अर्को चमत्कार देख्न सकिन्छ ।

मेला-महोत्सव, कन्सर्ट, विभिन्न सांगीतिक कार्यक्रमहरु, स्टि्ट सो, रात्रीकालीन व्यवसायमा गीतसंगीत प्रयोग गर्नेहरुले त्यस्ताकार्यक्रम गर्न स्वीकृतिलिनका लागि संगीत रोयल्टी तिरेको निस्सा अनिवार्य पेश गर्नुपर्ने व्यवस्थालाई कडाईका साथलागू गरिएमा, होटल, रेष्टुरेण्ट, बार, पव, दोहोरी, गजल, विद्यालय, वायुसेवा, मल्टीप्लेक्स, मल, आर्केड, सपिङ्गकम्प्लेक्स, पार्क, सोरुम, डिपार्टमेन्टल स्टोर, हेल्थ क्लब, जिमहल, एरोविक्स, सौना वाथ, स्पा, सौन्दर्य क्लिनिक, खुद्राविक्रेता, पसल, भिडियो गेम पार्लर, व्यूटी पार्लर, हेयर ड्रेसर, सलुन, स्टल, सार्वजनिकहलहरु, फुटसल र रंगशाला लगायतका गीत संगीत प्रयोगकर्ताहरुले कर चुक्ता प्रमाणपत्र लिनका लागि संगीत रोयल्टी बुझाएको निस्सा अनिवार्य पेश गर्नुपर्ने प्रावधान समावेश भई कडाइका साथ् लागु गरीए वास्तबमै संकलन को उदेश्यले सार्थकता प्राप्त गर्थ्यो ।

अर्न्तराष्ट्रिय रुपमा हामी जस्तै ३ करोड जनसंख्या र एक लाख पचास हजार गीत संगीतका क्याटलक भएका देशले डिजिटल प्रविधि मार्फत वार्षिक झण्डै ५० अर्ब भन्दा धेरै संगीत रोयल्टी आफ्नो देशमा भित्राइरहेको देखिन्छ । प्रतिलिपि अधिकार सम्बन्धी कानूनको निर्माण र कार्यान्वयनमा व्यवस्थित देखिन्छ भने अधिकार उल्लङ्घन हुदा कारवाही तथा दण्ड सजाय गर्नको लागि छुट्टै प्रहरी तथा अदालत समेत व्यवस्थागरि अगाडि बढेको देखिन्छ । तर हाम्रो देशमाभने न यो सम्भावनालाई सरकारले चासो दिएको छ, न त हामी सरोकारवालाहरु आफै सक्रियछौं ।

नेपालले बर्न महासन्धिलाई जनवरी ११,२००६ मा सम्मिलन गरेको छ । साहित्यिक वा कलात्मक रचनाहरुमा रचयिताका अधिकारहरु संरक्षण गर्नको लागि यो महासन्धि लागू भएको छ । घरेलु कानूनहरुले संरक्षण गर्न नसकेका कतिपय अधिकारहरुलाई महासन्धिमा भएका प्रावधान बमोजिम संरक्षण र कार्यान्वयन गर्न सन्धिले मार्ग प्रसस्त गरेकोछ । महासन्धिको पक्ष राष्ट्र भएका कारण नेपालले आफ्नो स्रष्टा सर्जकहरुको प्रतिलिपि अधिकार संरक्षण गर्नु उसको दायित्व हो । तर यो दायित्ववाट राज्यविमुख छ र हामी सरोकारवालाहरु निष्कृय प्राय छौं । हाम्रो देशमा सार्वजनिक प्रयोग भएका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गीत संगीतको रोयल्टी संकलन गरी सम्बन्धित संस्थं समक्ष पुऱ्याउनु पर्ने जिम्मेवारी हामीले वहन गरेका छौं, हामीले अर्न्तराष्ट्रिय गीत संगीत नेपालमा सार्वजनिक प्रयोग

MRCSN EST. 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

भएवापतको संगीत रोयल्टी सम्बन्धित संस्थालाई पुऱ्याउन व्यवस्था नमिलाए सम्म अर्न्तराष्ट्रिय रुपमा सार्वजनिक प्रयोग भएका नेपालीगीत संगीतको संगीत रोयल्टीमाग गर्न नैतिक समस्या पनि त् होला ।

माथीका उपलब्धिहरुलाई संरक्षण गर्दै देखिएका चुनौतिहरुको दीर्घकालिन समाधानहरु बनाउदै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय रुपबाट संगीतप्रयोग गर्ने प्रयोगकर्ताहरु मार्फत संगीत रोयल्टी संकलन गरी सम्बन्धित स्रष्टाहरु माभ्फपारदर्शी ढङ्गबाट उपलब्ध गराउनु र यस क्षेत्रको कमाईबाट राज्यको कुलग्राहस्थ उत्पादनमा योगदान पुऱ्याउन हामीले प्राप्त गरेको अधिकारको कार्यान्वयनमा हामी सम्पूर्ण स्रष्टा सर्जकहरुले कुनै पनि राजनिति नगरी, रिसद्धेष नराखी निर्विवाद एकजुट भई अघि बढ्नु पर्ने आजको प्रमुखआवश्यकता रहेको छ ।

ढिलैइ भए पनि राज्य प्रतिलिपि अधिकार **ऐन,२०५९** पुनर्लेखनका लागि तयार भई सस्कृति पर्यटन तथा नागरि उड्यान मन्त्रालय अन्तर्गत एक प्रतिलिपि अधिकार एन पुनर्लेखन समिति बनि ड्राफ्ट बनाउन निर्देशन दिएको छ । प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय सदस्य सचिव रहेको उक्त समितिमा संगीत रोयल्टी संकलन समाजका अध्यक्ष सुरेस चन्द्र अधिकारि, संगीतकार संघ नेपालका अध्यक्ष चेतन सापकोटा, गीतकार संघ नेपालका महासचिब टिका राइ शिब, लोक तथा दोहोरि गीत प्रतिष्ठानका पूर्व अध्यक्ष दुर्गा रायमाझी र कृष्ण कडेल जस्ता मुर्धन्य स्रस्टाहरु हुनुहुन्छ। हामीलाई आशा छ उहाँहरु सारा सर्जक स्रस्टाका पिडाहरुलाई मलम हुने गरि आफ्ना रोग भोक र सोकहरु छोडी हाम्रो भविस्य बनाउने **ऐन,२०५९** पुनर्लेखनमा होमिरहनु भएको छ । तर स्रस्टाका अधिकार लेख्ने समितिमा बसेर निदाइरहनु भएको छ भने हामीले आजैदेखि झकझक्याउन थाल्नु पर्छ । अझै मान्दैनन भने सामाजिक बहिस्कारको लागि तयार हुनुपर्दछ । तर उहाँहरुको अथक प्रयासलाई राज्यले दबाउँन खोज्यो भने उहाँहरुको अध्यन ले उल्लेख भएका हाम्रा अधिकारहरु माथि राजनीति भै अथक मेहनत लाइ नजर अन्दाज भयो भने उहाँहरुको साथमा हामि हजारौ सर्जक लाम बद्दहुन् पनि तयार हुनुपर्दछ । यो भबिस्य लेख्ने बेला हो सबै जागौ सबै लागौ ।

र अन्त्यमा हामि अन्तराष्ट्रिय रोयल्टी संकलनका लागि पुर्णरुपले तयार भएका छौ । तर तेसरी रोयल्टी संकलन गर्न हामीले हाम्रो सिस्टममा हाम्रा गीतहरुको मेटाडाटा अपलोड गर्नु अनिवार्य छ । हाम्रा गीत संगीत बिभिन्न म्युजिक कम्पनीहरुमा पुगेका होलान । त्याहाँ बाट आफ्ना सृजनाहरुको पुर्ण बिबरण लिई यथासिघ्र सस्थामा उपलब्ध गरौ। यदि कतै कुनै कम्पनिहरुले तेस्ता डाटा दिदैनन भने आफ्ना हितका लागि खोलिएका सम्बन्धित सस्था संघहरुको सहयोग लिउँ । एक ले अर्कोलाइ सहयोग गरौ । नगरे पो केहि हुन्न, गरे के हुन्न ? धन्यबाद

## TOTAL ROYALTY COLLECTION 2022 REPORT

| S.N | COUNTRY/SOCIETY | TOTAL ROYALTY COLLECTION (MILLION IN EURO | NPR AMOUNT |
|---|---|---|---|
| 1 | PHILLIPINES (FILSCAP) | 9.9 | 1400584555.62 |
| 2 | SINGAPORE (COMPASS) | 8.1 | 1141816210.00 |
| 3 | AUSTRALIA (APRA AMCOS) | 344 | 48491947684.80 |
| 4 | INDIA (IPRS) | 35.1 | 4947870243.42 |
| 5 | KOREA (KOMCA) | 221 | 31153257088.20 |
| 6 | JAPAN (JASRAC) | 819 | 115450305679.80 |
| 7 | THAILAND (MCT+MPC) | 11.3 | 1596046523.07 |
| 8 | UNITED STATES (ASCAP) | 2011 | 283480543006.20 |
| 9 | UNITED KINGDOM (PRS) | 884 | 124613028352.80 |
| 10 | GERMANY (GEMA) | 824 | 116155130500.80 |
| 11 | CANADA (CARCC) | 269 | 37919575369.80 |
| 12 | HONGKONG (CASH) | 33.1 | 4665940315.02 |
| | | | |
| NOTE: 1 EURO = Nrs 140.96 | | | |

MRCON


## आ.व. २०८०/०८१ का लागि योजनाः

## F.Y 2080/2081 PLAN

| | |
|---|---|
| **WIPO Connect** | Upgrade up to creating ISWC number interlinking at SUISA. |
| **Facebook** | Need to extend the agreement and collect royalty at least $100000 (Double in compare to last year) |
| **Spotify** | Licensing and royalty collection to start by this year. (APX $25000) |
| **TikTok** | Licensing and royalty collection to start by this year. (APX $25000) |
| **iTunes-Apple Music** | Licensing and royalty collection to start by this year. (APX $25000) |
| **DSPs** | At least 3-5 new DSPs identification and licensing will be done. |
| **Membership** | At least 20 new Publisher and 200 new creators' membership wi be provided. |
| **Metadata** | At least from Malaysia, U.S, Australia, U.K, Korea and Japan's metadata to be collected and ingest at YouTube for royalty collection of Nepal territory and MRCSN will start sending Nepal works to the mentioned society including IPRS for royalty collection at their territory in this year because of good number of Nepalese populations. |
| **YouTube Training** | Up to advance level training from basic will be taken by IT team in this year to make ease on royalty collection at YouTube. |
| **New Employee** | At least 2-3 employee will add at IT department to support on royalty collection from Digital Platforms and DSPs. |
| **Trainings for Employee** | Training will be given to the employee to enhance the skills and knowledge on royalty collection and distribution. |
| **Reciprocal** | At least 10 new society members will be added to the reciprocal |
| **IT Equipment** | IPRS donation in terms of IT Equipment will be received by this year. |
| **CISAC Training and APC Meeting** | At least 1 time participation will be taken this year. |
| **General Assembly** | This year General Assembly meeting will be held. |
| **Awareness Program** | This year awareness program will be conduct to the creators to be new member and to provide more and more metadata for royalty collection from different digital platform and DSPs. |
| **Collective Collection** | Due to dispute between MRCSN, PSN and MFPSN collective royalty collection was stopped but with more discussion and feasibility check of collective royalty collection MRCSN will lead by this year. |
| **Meetings** | Meetings will be on high priority in this fiscal year. |
| **Communication/Correspondence** | Communication gap will decrease in to 2-3 working days from a week. Means the email reply will be now within 2-3 working days. |

MRCSN EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

| | |
|---|---|
| **Digitalization** | Fromm all the office manual work around 50-75% work will be digitalized by this year. |
| **IT Team Trainings** | Royalty collection from different DSPs and Digital Platforms is very challenging in itself as day by day the technology is upgrading. To adjustwith fast changing technology, IT Team will be highly training in this year with first priority. |
| **New Copyright Act** | Many discussions will be done this year on new copyright act |
| **Coordination** | Close coordination with Copyright Registrar's Office will be done this year by MRCSN. |



मिति : २०८०/०५/३१ गते

श्रीमान् रजिष्ट्रारज्यू

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

नारायणहिटी, काठ्माण्डौं ।

**बिषय : प्रतिलिपि अधिकार ऐन,२०५९ लाई ब्याख्या गरी पाउँ ।**

महोदय,

उपरोक्त सम्बन्धमा प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को खण्ड (क) को (३) शब्द सहित वा शब्द रहित सांगीतिक रचना विधा अनुसार प्रतिलिपिअधिकार ऐन,२०५९ को दफा ३९ बमोजिम प्रस्तावाना :-सङ्गीतविधाका रचयिता तथा प्रकाशकहरुलाई अधिकारको संरक्षण तथा कार्यान्वयन गर्न अस्तित्व संगठित, स्वशासित,गैर नाफामूलक, गैर राजनीतिकतथा गैर सरकारी संस्था सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल अग्रेजीमा(Music Royalty Collection Society of Nepal) २०६४ सालमा गठन भई दर्ता भएको संस्थाहो ।

प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को खण्ड (क) को (४)श्रव्य दृश्य रचना विधा अनुसार प्रतिलिपि अधिकार ऐन,२०५९ को दफा ३९ बमोजिम सङ्गीतउत्पादक समाज नेपाल अग्रेजीमा यसलाई (Music Producer Society of Nepal)भन्निछ । यस संस्थाको प्रस्तावना:-श्रव्य तथ ।श्रव्य-दृश्य सामग्रीहरुको ध्वनीअंनकर्ता तथा उत्पादकहरुको अधिकारको संरक्षण तथा कार्यान्वयन गर्न र उद्देश्य श्रव्य तथा श्रव्य-दृश्य सामग्रीहरुको ध्वनीअंकन एंव उत्पादन तथा त्यस्ता रचनाहरुको ध्वनीअंकनकर्ता उत्पादन एंव पुर्नउत्पादकहरुको अधिकारको संरक्षण तथात्यस्तो सामग्रीहरुको प्रयोग र प्रबर्द्धनलाई प्रोत्साहनगर्दै त्यस्ता सामग्रीहरुको सार्वजनिकप्रयोग वापत रोयल्टी सङ्कंलन गरी सम्बन्धितअधिकार धनी समक्षवितरण गर्नु संस्थाको प्रमुख उद्देश्य रहने गरी २०६९ सालमा गठन भएको संस्थाहो ।

सङ्गीत उत्पादक समाज नेपाल संस्थाले २०६९ सालमा आफ्नो सस्थाको उद्देश्य बमोजीमको शिर्षक नाम परीवर्तन गरी संगीत तथा चलचित्र उत्पादक समाज नेपाल अग्रेजीमा(Music & Film Producer Society of Nepal) परिवर्तीत नाम रहेको छ ।

गीतकार, संगीतकार र प्रकाशकहरुका तर्फबाट तपशिलका विषयहरु माथि स्पष्ट पारिदिनु हुन विनुम्र अनुरोध गर्दछौ ।

## तपशिल

१) प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को खण्ड (क) **रचना**को कुन विधा अनुसार प्रस्तोता समाज नेपाल-अंग्रेजी नामाकरण (**Performers Society of Nepal**) संस्था २०६६ सालमा गठन भएको हो ?

MRCSN EST. 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

२) प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को खण्ड (क) मा परिभाषा गरिएको **रचना** विधा अनुसार मात्र प्रतिलिति अधिकार ऐन, २०५९ को दफा ३९ बमोजिम एक विधामा एक रोयल्टी संकलन समाज गठन गर्न सकिनेछ भन्ने कानुनी प्रावधान के हो ?

३) प्रतिलिपि अधिकार ऐन, २०५९ को कुन दफा अनुसार **चलचित्रउत्पादक** ले रोयल्टीपाउने व्यवस्था छ ?

४) प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ११ माध्वनि अङ्कनको बिषयमा केही ब्याख्य गरेको पाईन्छ । उक्त व्याख्यामा पारिश्रमिक भन्ने शव्द के हो ? के ध्वनिअङ्कन कर्ताले रोयल्टी पाउने व्यवस्था छ ? पारिश्रमिक र रोयल्टिमा के फरक छ?

५) प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २ को खण्ड (क) बमोजिमको **रचना** को ३ अनुसार दर्ता भएको सस्थाको स्वीकृत काम अर्को सस्थालाई दिन मिल्छकी मिल्दैन ?

६) प्रतिलिपि अधिकार ऐन, २०५९ कोदफा ३९ मा भएको रोयल्टी संकलन सस्था सम्वन्धि व्यबस्था अन्तर्गत **रचना** को रोयल्टी निर्धारण गर्ने संकलन र बितरण गर्ने भन्ने स्पस्ट उल्लेख भएको देखिन्छ तर उत्पादक र प्रस्तोताको रोयल्टी संकलन गर्ने उल्लेख देखिन्न । के रचना, उत्पादक तथा प्रस्तोता भनेको एकै हो ? ऐन, अनुसार यिनीहरुको परिभाषा एउटै हो ?

६.१) के दफा २ को खण्ड ४ माउल्लेखित स्रब्यदृश्य रचनाभन्नाले संगीत तथा चलचित्र उत्पादक समाजभन्ने नै बुझिन्छ ? साथै श्रब्यदृश्य रचना अन्तर्गत रचयीता पर्छन कि पर्दैन ?दफा ११ को १ बमोजिम उत्पादकले प्रयोगकर्ताबाट भुक्तानी पाउने मनासिब माफीकको पारिश्रमिकको रकमको लागि दफा ३९ मा ब्यबस्थाभएको रचनाको रोयल्टी संकलन सस्था गठन गर्न सकिने नसकिने वारे व्याख्या पाउँ।

७) दफा २ को खण्ड क' को ३ मा शब्द सहित वा सव्द रहित सांगीतिक रचना भन्ने उल्लेख भएको छ । खण्ड ४ माश्रब्यदृश्य रचना भन्ने उल्लेख भएकोमा खण्ड ४ माउल्लेखित श्रब्यदृश्य रचना - सांगीतिक रचना हो कि होइन? हो भने ऐन ले व्यवस्था गरेको एक विधामा एक रोयल्टी संकलन समाजको परिकल्पनाको बारेमा प्रष्ट ब्याख्या गरी पाउँ । साथै यसै अनुसार दर्ता भएको संगीत तथा चलचित्र उत्पादक समाजको अस्तित्व के हो?

८) प्रतिलिपि अधिकार ऐन, २०५९ अनुरुप स्थापना भएको नेपाल प्रतिलिति अधिकार रजिष्टारको कार्यालयले श्रष्टाहरुको हकहित संरक्षण गर्ने हो या हाईन ?

MRCSN EST. 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

संगीत रचनाको रोयल्टी संकलन गर्ने कार्यमा माथि उल्लेखित दुबिधाले प्रत्यक्ष तथा अप्रत्यक्ष असर परेकोले यस ऐनको व्याख्या अत्यन्त महत्वपुर्ण भएको व्यहोरा सादर अनुरोध गर्दछौ ।

**सो सम्बन्धमा सहयोगको लागी हार्दिक धन्यवाद ।**

........................

बि पाण्डे

महासचिव

# धन्यबाद

**संगीत रोयल्टी संकलन समाज नेपालको**

**मिति २०७९ मंसिर २४ को वार्षिक साधारण सभाबाट**

## संशोधित विधानको ३ महले विवरण

(प्रस्तावित)

| साविकको व्यवस्था | हालको थप तथा संशोधन | संशोधनको कारण |
|---|---|---|
| **५.(क)** गीत संगीत विधाका रचयीतालाई सदस्यता प्रदान गरी संस्थामा आवद्ध गराउने । | **५.(क)** गीत संगीत विधाका रचयीता तथा प्रकाशकहरुलाई सदस्यता प्रदान गरी संस्थामा आवद्ध गराउने । | प्रकाशकको सदस्यता वितरण प्रकृयालाई व्यवस्थित गर्न । |
| **७.(क)** संगीतसंग सम्बन्धित रचयिता, वा प्रतिलिपि अधिकारप्राप्त व्यक्ति वा संगठित संस्था, | **७.(क)** संगीतसंग सम्बन्धित रचयिता, प्रकाशक वा प्रतिलिपि अधिकारप्राप्त व्यक्ति वा संगठित संस्था, | |
| **१७. बार्षिक साधारण सभा:** साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ । कार्य कारिणी समितिले निर्धारण गरेको ठाँउ र समयमा हरेक बर्ष बार्षिक साधारण सभा बस्नेछ । दुई बार्षिक साधारण सभाको बीचको अन्तर १५ महिना भन्दा बढी हुनेछैन । | **१७. बार्षिक साधारण सभा:** साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ । कार्य कारिणी समितिले निर्धारण गरेको ठाँउ र समयमा हरेक बर्ष आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र बार्षिक साधारण सभा बस्नेछ । | बार्षिक साधारण सभा हरेक बर्ष समयमै गर्नु पर्ने कुरालाई सुनिश्चित गर्न । |
| **२३. समितिको गठन:** साधारण सभाले अध्यक्ष १, संगीतकारहरुबाट सदस्य ५, र गीतकारहरुबाट सदस्य पाँच गरीजम्मा ११ जनाको कार्य समिति हुने गरी २ बर्षको पदावधिको लागि निर्वाचित गर्नेछ । (क) निर्वाचित कार्य समिति मध्ये अध्यक्ष १, संगीतकारहरुबाट सदस्य ३ र गीतकारहरुबाट सदस्य ३ गरी जम्मा ६ जना सदस्य खुल्ला निर्वाचनको प्रकृयाबाट र संगीतकारहरुबाट सदस्य २ र गीतकारहरुबाट सदस्य २ गरी जम्मा ४ जना सदस्यहरु निवर्तमान कार्य समितिका पदाधिकारी तथा सदस्यहरु मध्येबाट निर्वाचित हुनेछन् । निर्वाचित व्यक्तिहरुको समितिले उपाध्यक्ष महासचिव तथा कोषाध्यक्षको चयन गर्नेछ । समितिले नेपाल प्रतिलिपि अधिकार संरक्षण समाजबाट मनोनित २ जना र CISAC द्वारा मनोनित २ जनालाई समितिमा | **२३.समितिको गठन:** साधारण सभाले संगीतकार वा गीतकार सदस्यहरुबाट अध्यक्ष १, संगीतकारहरुबाट सदस्य ४ (चार), गीतकारहरुबाट सदस्य ४ (चार) र प्रकाशक सदस्य २ (दुई) गरी जम्मा ११ जनाको कार्य समिति हुने गरी २ बर्षको पदावधिको लागि निर्वाचित गर्नेछ ।<br>(क) निर्वाचित कार्य समिति मध्ये गीतकार तथा संगीतकार सदस्यहरुबाट सदस्य ३ र गीतकारहरुबाट सदस्य ३ गरी जम्मा ६ जना सदस्य खुल्ला निर्वाचनको प्रकृयाबाट, प्रकाशक सदस्यहरुबाट २ जना सदस्यहरु र संगीतकारहरुबाट सदस्य १ एवम् गीतकारहरुबाट सदस्य १ गरी जम्मा २ जना सदस्यहरु निवर्तमान कार्य समितिका पदाधिकारी तथा सदस्यहरु मध्येबाट आरक्षीत निर्वाचन प्रकृयाबाट गरी जम्मा ११ जना कार्य समितिमा निर्वाचित हुनेछन् ।<br>(ख) निर्वाचित सदस्यहरुले आफुहरु मध्येबाट उपाध्यक्ष, महासचिव तथा कोषाध्यक्षको चयन गर्नेछन् ।<br>(ग) लगातार ३ महिनासम्मका कार्य समितिको बैठकहरुमा विना कुनै लिखित जानकारी, अनुपस्थित हुने समितिका सदस्यहरुको पदाधिकार स्वत: | संस्थामा प्रकाशकहरुको सदस्यतालाई व्यवस्थित गर्दै कार्य समितिमा प्रकाशक सदस्यहरुको पनि प्रतिनिधित्व सुनिश्चित गर्दै समितिको गठन प्रकृयालाई थप व्यवस्थित गर्नु पर्ने भएकोले । |

MRCON EST. 2007 MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

| | | |
|---|---|---|
| आमन्त्रण गर्न सक्नेछ । बिना कुनै लिखित जानकारी लगातार ३ महिनासम्मका कार्य समितिको बैठकहरुमा अनुपस्थित हुने समितिका सदस्यहरुको पदाधिकार स्वत: समाप्त हुनेछ । निवर्तमान कार्य समितिबाट निर्वाचित हुने सदस्यहरु लगातार २ (दुई) कार्यकाल भन्दा बढि अवधिका लागि निर्वाचित हुन पाउने छैनन् । खुल्ला निर्वाचन तर्फ भने २ (दुई) कार्यकालको सीमा प्रावधान लागु हुने छैन । | समाप्त हुनेछ ।<br>(घ) निवर्तमान कार्य समितिबाट निर्वाचित हुने सदस्यहरु बढिमा लगातार २ (दुई) कार्यकाल अवधिका लागि मात्र निर्वाचित हुन पाउने छन् । खुल्ला निर्वाचन तर्फ भने २ (दुई) कार्यकालको सीमा प्रावधान लागु हुने छैन ।<br>(ङ) कार्य समितिको बैठकमा निवर्तमान अध्यक्ष आमन्त्रितको रुपमा रहनेछ, निवर्तमान अध्यक्षको बरियता समितिको अध्यक्ष भन्दा तल र उपाध्यक्ष भन्दा माथी अर्थात अध्यक्ष र उपाध्यक्षको बिचमा रहनेछ । | |
| **३२. रोयल्टी वितरण:-** समितिले रचयिताले पाउने रोयल्टी रकम निर्धारण वितरण गर्न बनाएका नियम तथा बिधि अनुसार सदस्य तथा सम्बन्धित संस्थाहरुलाई वितरण गरिनेछ । तर त्यस्तो व्यवस्थापन खर्च संकलित रोयल्टीको २५ (पच्चिस) प्रतिशत भन्दा बढी हुनेछैन ।<br><br>**३३. वितरण गर्ने विधि:** रचनाको प्रयोग बापत प्राप्त रकम तोकिए अनुसार व्यवस्थापन खर्च कटाई स्वीकृत वितरण योजना अनुसार सदस्य तथा सम्बन्धित संस्थाहरुलाई वितरण गरिनेछ । तर त्यस्तो व्यवस्थापन खर्च संकलित रोयल्टीको २५ (पच्चिस) प्रतिशत भन्दा बढी हुनेछैन । | **३२. रोयल्टी वितरण:-** समितिले रचयिता तथा प्रकाशकले पाउने रोयल्टी रकम, वितरण गर्न बनाएको नियम तथा बिधि अनुसार सदस्य, सम्वन्धित व्यक्ति वा संस्थाहरुलाई वितरण गर्नेछ ।<br><br>(क) उक्त रोयल्टी रकममा संस्थाको वार्षिक साधारण सभाबाट स्विकृत वार्षिक बजेट तथा कार्यक्रमको खर्च पश्चात् बचत भएको रकममा बढीमा १० (दश) प्रतिशत सम्मको रकम रोयल्टी व्यवस्थापन खर्च र ५ (पाँच) प्रतिशत सम्मको रकम कल्याणकारी कोष सञ्चालन बापत छुट्याउन सकिनेछ । उक्त कल्याणकारी कोष सञ्चालन सम्बन्धी कार्यविधि कार्य समितिले निर्धारण गरी साधारण सभाबाट पारित गराई लागु गर्न सक्नेछ ।<br><br>(ख) प्रकाशक सदस्यहरुले गीत संगीतको सार्वजनिक प्रयोग बापत डिजिटल प्लाटफर्म मार्फत उठेको रकमको रोयल्टी मात्र प्राप्त गर्नेछन् ।<br><br>**३३. वितरण गर्ने विधि:** रचनाको प्रयोग बापत प्राप्त रोयल्टी रकम तोकिए अनुसार खर्च कटाई स्वीकृत वितरण योजना अनुसार सदस्य तथा सम्वन्धित व्यक्ति वा संस्थाहरुलाई वितरण गरिनेछ । | रोयल्टी संकलन, व्यवस्थापन तथा वितरणमा देखिएको नीतिगत समस्या समाधान गर्दै रोयल्टी वितरण सम्बन्धी कार्यलाई प्रभावकारी एवम् व्यवस्थित गर्नु पर्ने भएकोले । |

MRCSN
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL

नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

पत्र संख्याः- ०८०।८१

चलानी नं.:- ३४

मितिः २०८०।५।१०

बिषयः **साधारणसभाको निर्णय सम्बन्धमा।**

श्री संगीत रोयल्टी संकलन समाज नेपाल,
अनामनगर, काठमाडौं

तहां समाजको प.सं. २०७९।८० च.नं. ६२ मिति २०७९।९।७, को पत्रसाथ प्राप्त त्यस संस्थाको तेह्रौ साधारणसभाबाट पारित संगीत रोयल्टी संकलन समाज नेपालको प्रस्तावित विधान संशोधनका कागजात तथा च.नं.१३४ मिति २०८०।१।१५ तथा च.नं. ३१ मिति २०८०।०४।२८ को पत्रसाथ प्राप्त थप कागजातहरुको अध्ययनबाट तहां संस्थाबाट प्रस्तावित विधान संशोधनलाई स्वीकृतिको लागि अनुरोध भई आएकोमा देहाय बमोजिमका दफाहरुमा देहाय बमोजिम हुनेगरी स्वीकृति प्रदान गरिएको व्यहोरा मिति २०८०।०५।१० को निर्णयानुसार अनुरोध छ।

१. मौजुदा विधानको दफा ३२ मा संशोधन गर्दै **"प्रस्तावित विधान संशोधन"** मा थप गरिएको **"प्रकाशक"** सम्बन्धी व्यवस्थाको सम्बन्धमा छलफल गरी निष्कर्षमा पुग्न उपयुक्त हुने देखिएकोले उल्लेखित दफा ३२ मा उल्लेख भएको **"प्रकाशक"** भन्ने शब्दावली बाहेकका अन्य संशोधनका बुंदा एवं शब्दहरु स्वीकृत गरिएको छ।

२. मौजुदा विधानको दफा १७ र दफा ३३ मा **"प्रस्तावित विधान संशोधन"** मा गरिएको संशोधनलाई हुबहु स्वीकृति प्रदान गरिएको छ।

२०८०।५।१०
(प्रमिला तामाङ्ग)
कानून अधिकृत

सङ्गीत रोयल्टी संकलन समाज नेपाल
दर्ता नं. ०१ /०८०/०८१
मिति २०८०/०५/१०

MRCSN EST. 2007
MUSIC ROYALTY COLLECTION SOCIETY NEPAL